# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

केन्द्रिय कार्यालय : शिखर बिज सेन्टर (पाचौं, छैटौं र सातौं तल्ला, थापाथली, पो.ब. नं. ११९३३, काठमाण्डौ, ।
फोन नं.: ४२४६१०१, ४२४६१०२, ४२४६१०७; फ्याक्स: ४२४६१०३; email : shikharins@mos.com.np

## निष्ठा जमानी बीमालेख

अनुसूचीमा उल्लेखित मितिमा यस करारको आधार मानिने बीमा प्रस्ताव र उद्घोषण समाविष्ठ गरी बीमा अवधि भित्र यसमा उल्लेख भए बमोजिम कुनै घटना नोक्सानी वा क्षतिबाट हुन सक्ने हानी-नोक्सानी बिरुद्ध बीमाका लागि लाग्ने बीमाशुल्क सहित निवेदन दिएको प्रमाणित गरिन्छ । यस बीमालेखमा समावेश शर्त तथा अपवादका अधिनमा रही कम्पनीले रोजगारदातालाई यस बीमा लागू रहेको अवधिमा वा बीमा समाप्त भएको मितिले ६ महिना भित्र कर्मचारीको मृत्यु, पदमुक्त वा अवकाश प्राप्त भएको सम्बन्धमा यस्तो मृत्यु, पदमुक्त वा अवकाश प्राप्त भएका - यी घटना मध्ये जुन पहिले हुन्छ सोको मितिले ६ महिना भित्र अनुसूचीमा उल्लेखित कर्मचारीले किर्ते, हिनामिना, चोरी वा जालसाजी कार्य गरी कुनै हानी वा रोजगारदाताको नगद वा सामान कर्मचारीको नाममा परिवर्तन गरेको पत्ता लागेमा क्षतिपूर्ति दिन स्वीकार गरिने कुरा मन्जुर गरिन्छ । तर

(क) अनुसूचीमा उल्लेखित कुनै कर्मचारीले गरेको कुनै कार्य जसको सम्बन्ध यस अन्तर्गत क्षतिपूर्ति गरिएको छ तत्काल पत्ता लागेपछि यस्ता कर्मचारीले गरेका अन्य कार्यहरु सम्बन्धमा कम्पनीको दायित्व समाप्त हुनेछ ।

(ख) गलत गर्ने कर्मचारीको सम्बन्धमा बीमाले भुक्तान गर्नु पर्ने रकम यस्ता कर्मचारीको हकमा अनुसूचीमा उल्लेखित क्षतिपूर्तिको रकमभन्दा बढी हुने छैन ।

### शर्त

यो बीमालेख तथा अनुसुची दुवै यस करारको एक अंग मानिनेछ र यस बीमालेख र अनुसुचीको कुनै भागमा प्रयोग हुने बिशेष किसिमको हुन्छ त्यही मान्य हुनेछ ।

(१) रोजगारदाताले, दावी उत्पन्न हुन सक्ने वा दावी हुन सक्ने भएका कुनै कर्मचारीको कार्य वा कुनै कुरा पत्ता लागेको पन्ध्र दिनभित्र सम्पूर्ण उपलब्ध विवरण सहित कम्पनीलाई लिखित सूचना दिनु पर्नेछ साथै यस्तो सूचना दिएको तीन महिनाभित्र रोजगारदाताले आफ्नो दावीको पूर्ण विवरण सो सम्बन्धी प्रमाण कम्पनीमा बुझाउनु पर्नेछ ।

(२) कम्पनीले लिखित रुपमा परिवर्तनको सहमती नजनाएको अवस्थामा रोजगारदाताले आफ्नो व्यवसायको प्रकृति तथा कर्मचारीको सेवा शर्त र कर्तव्यको परिवर्तन गरेमा वा माथि उल्लेखित प्रस्तावमा स्पष्ट पारिएको हिसाब तथा मौज्दात ठीक राख्न आवश्यक पूर्व सावधानी वा सुरक्षा नअपनाएमा कम्पनी कुनै भुक्तानी गर्न जिम्मेवार हुने छैन र यस सम्बन्धमा गरिएको कुनै लिखित विवरण लागू हुने छैन ।

(३) कर्मचारीलाई कुनै रकम भुक्तानी गर्नु पर्नेछ भने सो कर्मचारीबाट जालसाजी वा बेइमानीको कारणबाट हुन गएको क्षतिपूर्ति रकम दावी रकम नोक्सानीको रकमबाट घटाइनेछ ।

(४) कर्मचारीलाई हानी भएको समयमा सो हानी विरुद्ध सुरक्षा प्रदान गर्ने अन्य बीमा विद्यमान भएमा बीमकले यस्ता हानीको सम्बन्धमा गर्नु पर्ने रकमको समानुपातिक अंशभन्दा बढी भुक्तान गर्न वा व्यहोर्न बाध्य हुने छैन ।

(५) यदि कम्पनीले आवश्यक ठानेमा बीमितले जुन कामका लागि नियुक्त गरिएको हो सो कामको विरुद्ध कुनै कर्मचारीले काम गरेमा त्यस्ता कर्मचारीलाई कारवाही गर्नेछ, दोषी ठहरिएको अवस्थामा यस्ता कारवाहीको लागि बीमितले आवश्यक रुपमा व्यहोरेका खर्च कम्पनीले भुक्तान गर्नेछ ।

(६) झुट्टा बयान भएको अवस्था वा पूरा विवरण उल्लेख नगरिएको अवस्था वा यदि कुनै जालसाजी भएमा वा बीमितले उसको तर्फबाट काम गर्ने व्यक्तिले यस बीमालेख अन्तर्गत कुनै लाभ उठाउने उद्देश्यले जालसाजी वा लापरवाही हानी-नोक्सानी हुन गएमा यो बीमालेख अन्तर्गतको सबै लाभबाट बन्चित हुनेछ ।

(७) कम्पनीलाई आफ्नै खर्चमा र आफ्नै लाभको लागि रोजगारदाताको नाममा कुनै दावी भुक्तान गरेपछि क्षतिको जिम्मेवार सम्बन्धित कर्मचारीको बिरुद्धमा दावीको कारवाही शुरु गर्न रोजगारदाताले पाएको अधिकारको प्रयोग गर्न पाउनेछ । रोजगारदाताले कम्पनीलाई यस्ता दावी तथा अधिकार कायम राख्न उचित आवश्यक सम्पूर्ण जानकारी र सहयोग दिनु पर्नेछ ।

(८) कम्पनीले बीमितको ठेगानामा हुलाकबाट पठाएको सात दिने सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस सन्दर्भमा कम्पनीले बीमितलाई यो बीमालेख लागू हुन बाँकी अवधिको लागि आवश्यक पर्ने बाँकी बीमाशुल्कको समानुपातिक भाग फिर्ता गर्नेछ वा बीमितले सात दिने सूचनाद्वारा कुनै पनि समयमा यो बीमालेख खारेज गर्न सक्नेछ तर त्यस बखत (बीमा अवधिभर) कुनै दावी नभएको हुनुपर्नेछ र बीमितले कम्पनीबाट बीमा लागू भैसकेको अवधिको लागि भुक्तान गरिसकेको बीमा शुल्कबाट छोटो अवधिको तालिका दरले कट्टा गरी बाँकी बीमा शुल्क फिर्ता पाउनेछ ।

(९) यस बीमालेख वा अन्य कुनै बीमालेख अन्तर्गत हुने गलत गर्ने कर्मचारीको सम्बन्धमा कम्पनीको अधिक दायित्व सो व्यक्तिको नाममा उल्लेखित क्षतिपूर्तिको रकमभन्दा बढी हुने छैन ।

(१०) यो बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने परिमाणको कुनै किसिमको विविधता खडा हुन आएमा (अन्यथा प्रवेश गरिएको दाखिलामा) बीमा ऐन २०४९ ऐन बमोजिम हुनेछ ।

(११) मृत्युको कारणबाट बाहेक अन्य कुनै कारणबाट बीमालेख योग्य हित हस्तान्तरण भएको अवस्थामा कम्पनीले स्पष्ट रुपमा सहमती दिएको छैन भने सो बीमालेख रद्द भएको मानिनेछ ।

(१२) यस बीमालेखको शर्त, शर्तनामा र समर्थनको उचित पालन वा परिचालन बीमितद्वारा गर्न आवश्यक वा तामेली गर्नु कुनै कार्यसंग सम्बन्धित हुनेछ । उक्त बीमालेखमा संलग्न बयान र जवाफको सत्यता नै यस बीमालेख अन्तर्गत भुक्तान गर्नुपर्ने कम्पनीको दायित्व लागि शर्तनामा लागू हुनेछ ।